नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

Email : info@tsc.gov.np
Website: www.tsc.gov.np

पत्रसंख्या : ०८१/०८२

चलानी नं.: 280

मिति २०८१/०७/२९

श्री शिक्षा विकास तथा समन्वय इकाइ
७७ जिल्ला सबै।

बियषः अध्यापन अनुमतिपत्र उत्तीर्ण भएको व्यहोरा प्रमाणित गर्ने सम्बन्धमा ।

शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन नम्बर ४१ /०८१/०८२ माध्यमिक तह, अध्यापन अनुमतिपत्र लिखित परीक्षाको नतिजा प्रकाशन गरिएकोमा उत्तीर्ण उम्मेदवारहरूको अध्यापन अनुमतिपत्र छपाई गरी वितरण गर्न केही समय लाग्ने भएकोले यदि कुनै उत्तीर्ण उम्मेदवारले कुनै विद्यालयबाट विज्ञापन भएको शिक्षक पदमा नियुक्तिका लागि आवेदन दिने प्रयोजन खुलाई अध्यापन अनुमतिपत्रको परीक्षामा उतीर्ण भएको प्रमाणित गरिदिन निम्नलिखित कागजात समेत संलग्न राखी निवेदन दिएमा यस आयोगको वेबसाइटमा प्रकाशित नतिजासँग भिडाई न्यूनतम योग्यता पुरा भए नभएको यकिन गरी अध्यापन अनुमतिपत्र उत्तीर्ण भएको व्यहोरा अधिकृतस्तरको कर्मचारीबाट प्रमाणित गरिदिने व्यवस्था हुन निर्देशानुसार अनुरोध गरिन्छ।

श्री कृष्ण प्रसाद ढुंगाना
उपसचिव

प्रमाणित गर्दा पेश गर्नु पर्ने कागजातहरु

१ निवेदन

२ प्रवेशपत्रको प्रतिलिपि

३ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्र सङ्कायबाट कम्तिमा स्नातक तह उत्तीर्ण गरेको वा अन्य सङ्कायबाट कम्तिमा स्नातक तह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको तर विज्ञान, अङ्ग्रेजी, लेखा, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, पशुपालन र बाली विज्ञान विषयबाट स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेकाको हकमा तालिम नलिए पनि हुनेछ।